सरावल गाउपालिका
**गाउ कार्यपालिकाको कार्यालय,**
सरावल, नवलपरासी
५ नं. प्रदेश

प्रथम पटक सुचना प्रकाशित मिति:२०७५।१।३१

**आ.व.०७४/०७५ को लागि पुरानो स्वास्थ्य चौकी भवन भत्काउने र रहेका अवशेषहरु समेत लिएर जाने बोल कबोल आव्हान संवन्धी सात (७) दिनेसूचना**

यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सरावल गाउपालिको क्षेत्राधिकार भित्र पर्ने पुरानो जिर्ण स्वास्थ्य चौकी भवन बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्तीले खरिद गर्नका लागि निम्न शर्तको अधिनमा रही लिलाम बढाबढ पक्रियामा गई अत्यधिक बोल कबोल भई आउनका लागी सम्बन्धित सबैको लागि सात (७) दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. बोल कबोल प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १ :०० बजे देखि डाक बढाबढ कार्य यस कार्यालयमा उपस्थित प्रतिनिधिहरुको रोहवरमा सरावल गाउ कार्यपालिकाको कार्यालय सरावाल, नवलपरासीको कार्यालयमा हुनेछ ।
२. यसरी बोल कबोल गर्दा अधिकतम बोल कबोल गर्नेलाई ठेक्का दिईनेछ । बोल कबोल गर्न आउने सम्पूर्णलाई बोल कबोल गर्नु अघि सम्बन्धित स्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिईन्छ ।
३. लिलाम बढाबढको सम्झौता मिति देखि जेठ १५ सम्म हुनेछ ।
४. बोल कबोल कर्ताले कवोल गरेको रकम सरावल गाउ कार्यपालिकाे कार्यालयमा नगदै दाखिला गर्नुपर्नेछ ।
५. बोल कबोल गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
६. बोल कबोल कर्ता नेपाली नागरिक हुनु पर्नेछ ।
७. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोल कबोल स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८.उपरोक्त बुदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा २०६४ अनुसार हुनेछ ।
९. पूरानो जिर्ण भवन भत्काउदा लागेका लागत स्वयं कबोल गर्नेले व्योहोर्नु पर्नेछ ।
१०. दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

| क्र.सं. | ठेक्का क्र.सं. | ठेक्को किसिम | कामको विवरण | जम्मा न्युनतम बोल अंक रु. |
|---|---|---|---|---|
| १ | ४/०७४/७५ | दरभाउ पत्र | पुरानो स्वास्थ्य चौकी भवन भत्काउने र अवशेषहरु समेत लैजाने | ६४९८०।०० |

.........................
प्रमुख प्रशासकिय अधिकृत